म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

सम्वृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१४ अङ्कः- २७३ २०८० भदौ १२ गते मंगलबार 29 August 2023, Tuesday - पृष्ठ ४ मूल्य रू. ५/-

**यम प्रसाद नेपालको नाममा जारी ३५ दिने सूचना**

त्रिवेणी भेजिटेवल मार्ट प्रालिको मिति २०८०-०४-२४ गते बसेको संचालक समितिको आकस्मिक बैठकको निर्णय अनुसार शेयर सदस्य यम प्रसाद नेपाल विगत ३-४ वटा बैठकमा अनुपस्थित रहेको सम्पर्कमा नआएको हुँदा थप प्रक्रिया अगाडि बढाई निजलाई यस प्रालिको शेयर सदस्यबाट निष्काशन गर्ने निर्णय भएअनुसार यो सूचना प्रकाशित गरिएको व्यहोरा अवगत गराईन्छ । सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सम्पर्कमा नआएमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**त्रिवेणी भेजिटेवल मार्ट प्रालि**
**मकवानपुर**

## पूर्वाधार विकास समिति सभापतिमा सिंह



*संसदको पूर्वाधार विकास समितिको सभापति निर्वाचित हुनुभएका प्रतिनिधि सभा सदस्य दीपक बहादुर सिंह ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुर क्षेत्र नम्बर १ बाट निर्वाचित प्रतिनिधि सभा सदस्य दीपक बहादुर सिंह संसदको पूर्वाधार विकास समितिको सभापतिमा सर्वसम्मत निर्वाचित हुनुभएको छ। सोमबार सम्पन्न निर्वाचनमा संसदको पूर्वाधार विकास समितिमा राप्रपाका नेता सिंहको एकल उम्मेदवारी परेको थियो । दलहरुबीच संसदीय समितिमा भागबण्डा मिलेसँगै सिंहसहित संसदको १० वटै समितिको सभापति सर्वसम्मत चयन भएका छन् ।

संसदीय समितिमा कांग्रेसलाई तीन, एमालेलाई दुई, माओवादी, राप्रपा, जसपा, एकीकृत समाजवादी र जनमतलाई १-१ वटा समितिको नेतृत्व प्रदान गर्ने सहमति भएको थियो । १० वटा समिति मध्ये आइतबार ९ वटामा एकल र एउटामा दुई जनाको उम्मेदवारी परेको थियो । राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद गणेश पराजुलीले उम्मेदवारी फिर्ता लिएपछि सबै निर्विरोध भएका हुन् । राष्ट्रिय स्वतन्त्र पार्टीले भने कुनै पक्षसँग गठबन्धन नगरी उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको सभापतिका लागि उम्मेदवारी दर्ता गराएको थियो । पराजुलीले उम्मेदवारी फिर्ता लिएपछि उक्त समितिमा जनमतका अब्दुल खान निर्विरोध निर्वाचित भएका हुन् ।

अर्थ समितिको सभापतिमा कांग्रेसका सन्तोष चालिसे, अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको सभापतिमा जसपाका राजकिशोर यादव कानुन, न्याय तथा मानवअधिकार समितिमा माओवादी केन्द्रकी विमला सुवेदी, कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिमा कांग्रेसकी आरजु देउवा, महिला तथा सामाजिक मामिला समितिमा एमालेका किरणकुमार साह, राज्य व्यवस्था तथा सुशासन समितिमा कांग्रेसका रामहरि खतिवडा निर्वाचित भएका छन्। त्यस्तै, सार्वजनिक लेखा समितिमा एमालेका ऋषिकेश पोखरेल, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा एकीकृत समाजवादीका भानुभक्त जोशी निर्वाचित भएका छन् ।

संसद् सुरु भएको साढे ७ महिनापछि संसदीय समितिले नेतृत्व पाएको हो । २०७९ पुस अन्तिम साता संसद्को पहिलो बैठक बसेको थियो भने वैशाख १५ मा संसदीय समिति गठन भएका थिए । तर दलहरुबीचको द्वन्द्व, भागबन्डा र गुटबन्दीका कारण समितिले नेतृत्व पाउन सकेको थिएन । संसदीय समितिहरूले गठनको ४ महिनामा बल्ल नेतृत्व पाएका हुन् ।

## राक्सिराङका नवनियुक्त डाक्टरद्वारा उपचार सेवा सुरु



*स्वास्थ्य परीक्षण गर्नुहुँदै डा. गजल पन्त ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुरको राक्सिराङ गाउँपालिकामा नवनियुक्त डाक्टरले स्वास्थ्य परीक्षण कार्य सुरु गर्नु भएको छ । झण्डै एक वर्षपछि राक्सिराङ गाउँपालिकाको आधारभूत अस्पतालमा डा. गजल पन्तले सोमबारबाट सेवा सुरु गर्नुभएको हो। पूर्व-पश्चिम राजमार्गअन्तर्गत मकवानपुरको मनहरी बजारबाट मोटरसाइकलमा ३० मिनेटमा पुग्न सकिने राक्सिराङको चैनपुरस्थित राक्सिराङ आधारभूत अस्पतालले एक वर्षपछि मेडिकल अधिकृत पाएको हो। गाउँपालिकाले गाउँमा बसेर सेवा गर्न चाहने मेडिकल अधिकृतको खोजी गरेपछि मात्रै नियुक्तिको आवश्यक प्रक्रिया थालनी गरेको हो ।

राक्सिराङ गाउँपालिका पुगेर सेवा प्रदान गर्नुहुने डा. पन्त तेस्रो चिकित्सक हुनुहुन्छ । यसअघि पहिलो चिकित्सकको रुपमा डा. धनबहादुर खत्री र दोस्रो चिकित्सकको रुपमा डा. सुवास बरालले सेवा गर्नुभएको थियो । संघीय सरकारले दिने मेडिकल अधिकृतको सुविधा बराबर नै भत्ता दिने गरी गाउँपालिकाले डा. पन्तलाई नियुक्त गरेको हो । यसअघि पनि गाउँपालिकाले तलब बराबरकै भत्ता दिएर मेडिकल अधिकृतलाई गाउँमा राखेको थियो । डा. पन्तले आइतबार नियुक्तिपत्र बुझ्नु भएको र सोमबारबाट सेवा सुरु गर्नुभएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गड्तौलाले जानकारी दिनुभयो। डा. पन्त हेटौंडाका स्थायीबासी हुनुहुन्छ ।

गाउँपालिकामा कार्यरत मेडिकल अधिकृत डा. सुवास बराल उच्च शिक्षा अध्ययनका लागि विदेश जाने भएपछि २०७९ साल भदौ २८ गते गाउँपालिकाले विदाई गरेको थियो। बरालको विदाईपछि राक्सिराङ आधारभूत अस्पताल डाक्टरविहिन बनेको हो। डा. बराल हाल उच्च शिक्षा अध्ययनको क्रममा इजिप्टमा हुनुहुन्छ । त्यसअघि राक्सिराङ गाउँपालिकाको पहिलो डाक्टरको रुपमा डा. धनबहादुर खत्रीले करिब डेढ वर्ष सेवा गर्नुभएको थियो । दोस्रो डाक्टर सुवास बरालले करिब ६ महिना गाउँपालिकामा सेवा गर्नुभएको थियो ।

गाउँपालिकाले चालु आर्थिक वर्षका लागि स्वास्थ्य बीमा र स्वास्थ्य बस सेवालाई महत्वपूर्ण कार्यक्रमको रुपमा कार्यान्वयन गर्न लागेको छ। गत आर्थिक वर्षको १५ लाख रुपैयाँ र चालु आर्थिक वर्षको १० लाख रुपैयाँ गरी कुल २५ लाख रुपैयाँ बजेट रहेको गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख विजय काप्रीले जानकारी दिनुभएको छ । चालु आर्थिक वर्षमा ५ सय परिवारलाई स्वास्थ्य बीमा कार्यक्रममा समावेश गराउने गाउँपालिकाको लक्ष्य रहेको छ ।

यस्तै चालु आर्थिक वर्षमा राक्सिराङ गाउँपालिकाले स्वास्थ्य बस सञ्चालन गर्ने योजना बनाएको छ । स्वास्थ्य परीक्षण गर्न आवश्यक गाउँवासीलाई उनीहरुको घरदैलोबाटै ल्याएर गाउँपालिकाको आधारभूत अस्पतालमा उपचार गरेर उनीहरुलाई घरदैलोमै फिर्ता पुऱ्याउने गरी स्वास्थ्य बस सञ्चालन गर्न लागिएको स्वास्थ्य प्रमुख काप्रीले बताउनुभयो। यस्तै गाउँपालिकाले चालु आर्थिक वर्षमै स्वास्थ्य संस्थामै प्रसुती सेवा लिनेलाई ३ दिनसम्म निशूल्क खाना खुवाउन बजेट बिनियोजन गरेको छ । यसबाट स्वास्थ्य संस्थामै सुत्केरी गराउन प्रेरित हुने पालिकाको अपेक्षा रहेको छ ।

Hetauda School of Management and Social Sciences
"कडा अनुशासन, स्तरीय शिक्षा"

100% SCHOLARSHIP (on tuition fee) For A Achiever

25% SCHOLARSHIP (on tuition fee) For 'A' Achiever

BBS Bachelor of Business Studies
ADMISSION ONGOING

Class starts from ASOJ 15

01 17 extra curricular modules to enhance learning experiences
02 On-campus job placement fair and dedicated placement cell
03 Student-led clubs for leadership development
04 HSMSS feast and Annual Athletic Meet
05 Academic business incubation center supporting student entrepreneurs
06 Experiential learning platform

Reminder: Submit the application form for CMAT and BCA Entrance Exam by Bhadra 31, 2080

Hetauda-4 057524701, 9855074222 www.hsm.edu.np

ACCREDITED BY UNIVERSITY GRANTS COMMISSION (UGC), NEPAL (2023)

**बाढी/पहिरो, चट्याङ जस्ता विपद्को जोखिमबाट बच्न र बचाउन हार्दिक अनुरोध**

**बाढी/पहिरो नियन्त्रणका तत्कालीन उपाय**
- आफ्नो गाउँघरका माथिल्ला भागबाट गहिरो कुलो काटी पानीको उचित व्यवस्थापन गर्ने ।
- कतै जमिन चिरा परेको देखेमा त्यसभित्र पानी नछिर्ने गरी टाल्ने ।
- आफ्नो घर तल-माथिको जमिन तथा घरभित्र गहिरो चिरा परेको भएमा तुरुन्त सुरक्षित स्थानमा गएर बस्ने ।
- पानीको बहाव बढ्दै ढुङ्गा माटो कटान गरेमा आफू भन्दा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिने ।
- भूकम्पको धक्काले आफ्नो घरवरपर कत्तिको क्षति गरेको छ त्यसको राम्रोसँग निगरानी गर्ने ।
- पहिरो कटान र यसले गर्ने क्षतिको आंकलन गरी विकास निर्माणका कामहरू, जस्तै- बाटो खन्ने, ढुङ्गा निकाल्ने, कुला तथा नहर बनाउने ।

बाढीबाट जोगिन नदी तटीय क्षेत्रमा बस्न हुन्न ।
होचो भूभागमा आवातजावत गर्न हुन्न ।
गाउँ र वस्तीमा बाढी आयो भने उचो भूभागमा जानुपर्छ ।
समूहमा बस्नुपर्छ ।
उचो भूभागमा जाने ठाउँ छैन भने आफ्नो घरको पहिलो, दोस्रो तल्ला वा छतमा बस्न सकिन्छ। छतमा पनि बस्न सक्ने अवस्था भएन भने बाहिरबाट गएका उद्धार टोलीलाई आफ्नो समस्या भन्नुपर्छ ।
बाढी पूर्वानुमान शाखाको पैसा नलाग्ने नम्बर ११५५ मा फोन गरेर कता बाढी जाँदैछ भन्ने थाहा पाउन सकिन्छ ।
संचारमाध्यमबाट आएको सूचनालाई आधार बनाएर सतर्क हुनपर्छ ।

**चट्याङबाट बच्न तत्कालीन उपाय**
- खुला एवं अग्लो स्थानमा असुरक्षित हुन्छ। खोच तथा ओभेलमा बसौं ।
- सकेसम्म घरभित्र बसौं ।
- घरबाहिर हुनुहुन्छ भने होचो स्थानमा बस्नु उपयुक्त हुन्छ ।
- चट्याङ पर्नसक्ने स्थान नजिकै हो भने भूँइतर्फ फर्केर घोप्टिनुपर्छ ।

**राक्सिराङ गाउँपालिका**
**मकवानपुर**

## सम्पादकीय

# सञ्चार प्रविधिको सदुपयोग

विज्ञान र प्रविधिका हिसाबले विश्व साँघुरो बनिरहेको छ । सूचना तथा सञ्चार प्रविधिमा भएको विकासले मानिसको दिनचर्यालाई निकै सहज बनाएको छ । जुनसुकै ठाउँमा बसेर पनि संसारको कुना-कुनाको अवस्था तथा घटनाको जानकारी पाउन सकिने भइसकेको छ । यति धेरै सुविधा दिइरहेको सूचना तथा सञ्चार प्रविधिले मानिसको पेसा, व्यवसाय तथा सबै प्रकारका कामलाई छिटो, छरितो र सजिलो बनाइरहेको छ । हाम्रो जस्तो विकासशील देशमा पनि सूचना तथा सञ्चार प्रविधिको विकास उल्लेख्यरुपमा भएको पाइन्छ । मुलुकमा लोकतन्त्र स्थापनापछि सबैभन्दा बढी विकास सूचना तथा सञ्चार प्रविधिकै क्षेत्रमा भएकोमा दुईमत नहोला । सूचना प्रविधिको विकासका कारण भित्रिएको मोबाइल फोन र इन्टरनेटको पहुँचले हरेक मानिसको हातमा सबैकुरा प्राप्त हुने अवस्था बनिरहेको छ । इन्टरनेटको बढ्दो पहुँच र प्रयोगले धेरै सकारात्मक परिणाम ल्याइरहेको भए पनि यसको दुरुपयोगबाट कयौं नकारात्मक प्रभाव पनि परिहेको छ ।

मुलुकमा पञ्चायती शासन कालसम्म पनि सूचना तथा सञ्चार प्रविधिको पहुँच निकै कमजोर रहेको थियो । त्यसबेला एउटा गाउँमा एउटा रेडियो हुन्थ्यो । त्यो पनि अलि हुने खाने वा धनीमानीको घरमा । समाचार सुन्नु परे गाउँभरीका जान्ने बुझ्ने त्यही घरको आँगनमा जम्मा भएर रेडियो सुन्ने गर्थे । शहरबजारमा टेलिभिजनको प्रयोग सुरु भएको भए पनि टोलभरिमा एक-दुई घरमा मात्र यो सिमित थियो । २०४६ सालमा प्रजातन्त्र पुन:स्थापनापछि रेडियो तथा टेलिभिजनको पहुँच बढ्दै गयो । शहरी क्षेत्रमा टेलिफोनको सुविधा रहेको भए पनि सहज थिएन । मोबाइल फोन भित्रिएपछि सूचना तथा सञ्चार क्षेत्रमा ठूलो फड्को मारेको मान्न सकिन्छ । मोबाइल फोन र यसको प्रविधिको विकास र विस्तारसँगै सहज पहुँच बनेपछि अहिले गाउँगाउँमा, घरघरमा र हातहातमा मोबाइल फोन पुगेको छ । इन्टरनेटको सहायताबाट मोबाइल तथा कम्प्युटरमार्फत् प्रयोग भइरहेका सामाजिक सञ्जालको व्यापकतासँगै सूचना, सञ्चार तथा मनोरञ्जनको क्षेत्रमा निकै सहजता भइरहेको छ ।

आकाशवाणी र चिठ्ठीपत्रको भरमा सूचना तथा सन्देश आदानप्रदान गर्नुपर्ने अवस्था अब इतिहास बनिसकेको छ । सूचना तथा सञ्चारका सबै काम हातमा भएको मोबाइल फोनबाटै हुन्छ । सामान किनबेचदेखि बैंकिङ कारोबारमात्र नभई सरकारी कार्यालयका अधिकांश कामहरु पनि मोबाइलबाटै गर्न सकिने भइसकेको छ । मानिसलाई पलपलको सूचनाका साथै भरपूर मनोरञ्जन लिन इन्टरनेट र मोबाइल भए पुग्ने भइसकेको छ । विभिन्न प्रकारका औपचारिक र अनौपचारिक शिक्षा मोबाइलबाटै हासिल गर्न सकिने भएको छ । मानिसको स्वास्थ्य, जीवनशैली, खानपानका कुराहरु मोबाइलबाटै थाहा पाउन सकिन्छ । आफन्त वा साथीभाइ जहाँ रहेको भएपनि आमुने-सामुनेजस्तै भएर मोबाइलबाट कुराकानी गर्न सकिन्छ ।

सूचना तथा सञ्चार प्रविधिमा भएको विकास र मोबाइलको प्रयोगले मानिसको जीवनमा कयौं अप्ठ्यारा र समस्याहरु पनि बढ्दै गएको छ । भरखरै जन्मिएको शिशुदेखि वृद्धवृद्धासम्म मोबाइलको लतमा फस्दै गएका छन् । बालबालिका तथा युवायुवती त मोबाइलबिना बाँच्नै नसक्ने अवस्थामा पुगिसकेका छन् । मोबाइलबाट प्रयोग गर्न सकिने फेसबुक, टिकटक, इन्स्टाग्राम, ट्वीटरलगायत सामाजिक सञ्जालले मानिसलाई बेफुर्सती बनाइदिएको छ । मोबाइलकै कारण मानिसहरु परिवारका सदस्य, आफन्त एवम् सामाजिक गतिविधिबाट टाढिँदै गएका छन् । इन्टरनेट र मोबाइलका कारण साइबर अपराधका विभिन्न गतिविधिमा मानिसहरुको संलग्नता बढ्दो छ । यस्ता प्रविधिको सदुपयोग गरेर कतिपय प्रयोगकर्ताहरुले लाभ लिइरहेका छन् भने कतिपयले यसको दुरुपयोग गरेर प्रविधिलाई नै अभिषाप बनाइरहेका छन् । सही तरिकाले प्रयोग यौनजन्य हिंसा, अनलाइन गेमको लत, अनलाइन ठगी, साइबर अपराध, जातीय तथा धार्मिक असहिष्णुताको खतरा बढिरहेको छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : दिकदारी र चिचिडेपन बढ्न सक्ने योग छ ।
**वृष** : महत्वपूर्ण कामहरु सम्पादन हुने समय योग छ ।
**मिथुन** : वैदेशिक प्रयोजनका कामहरुबाट लाभ होला ।
**कर्कट** : लक्ष्य र उद्देश्यप्रति सचेत भईने समय छ ।
**सिंह** : व्यापार-व्यवसाय मध्यमकारक रहेको देखिन्छ ।
**कन्या** : आयको पाटोसबल हुने समय योग रहेको छ ।
**तुला** : सोचेको काम उचित समयमा सम्पादन होला ।
**वृश्चिक** : प्रतिष्ठत कामले आत्मविश्वास जाग्ने समय छ ।
**धनु** : व्यापार-व्यवसाय सफल रहने समय योग छ ।
**मकर** : रचनात्मक र सिर्जनात्मक काममा सरिक भईने छ ।
**कुम्भ** : दुरगामी भविष्यका लागि लागि परिने समय छ ।
**मीन** :वाणीमा विषेश विचारणीय पक्ष रहेको देखिन्छ ।

# व्यवसाय सफल बनाउन के गर्ने ?





अनायासचन्द्र गुरुङ

✍ **सुमित्रा लुईटेल**

अहिलेका धेरै युवा आफ्नै व्यवसाय गर्न चाहिरहेका हुन्छन् । तर कुन व्यवसाय गर्ने, त्यसलाई अगाडि बढाउने र कसरी प्रभावकारी मार्केटिङ गर्ने भन्ने विषयको उचित जानकारी पाउने ठाउँ भने पाइरहेका हुँदैनन् ।

व्यवसाय सुरु गर्न चाहने हरेक व्यक्तिको परिस्थिति फरक-फरक हुन्छ । कसैसँग पैसा हुन्छ, मार्केटिङ आइडिया हुँदैन । कसैसँग मार्केटिङको आइडिया त हुन्छ तर आर्थिक व्यवस्थापन हुँदैन ।

कोही व्यक्तिले नयाँ व्यवसाय गर्न चाहिरहेको छ भने सबैभन्दा पहिला त उसले आफ्नो क्षमता र कमजोरीको बारेमा थाहा पाउनुपर्छ । त्यो थाहा पाएपछि मेरो लागि यी बाटाहरु छन् भने पहिल्याउन सकिन्छ ।

कुनै पनि व्यवसाय सफल हुन विभिन्न चरण पार गर्नुपर्ने हुन्छ । मानौं कुनै मोटो व्यक्तिले आफ्नो साइजको लुगा पाइरहेको छैन । त्यो समस्या समाधान गर्नका लागि उसले केही उपाय सोच्छ । उसले आफ्नो लागि प्लस साइजको लुगा तयार गर्छ । उसले तयार गरेको लुगाको राम्रो प्रतिक्रिया पाउँछ भने अब उसले त्यही प्लस साइजको व्यवसायमा जोडिन्छ र सफल पनि हुन सक्छ ।

अब यो चरण सबैको लागि एउटै भए पनि परिस्थिति भने फरक हुन सक्छ । त्यही चरण पार गर्न कसरी अरूभन्दा सिर्जनात्मक हुने त भनेर सोच्नुपर्छ । अब आफू कुन बाटोमा हिंड्ने भन्ने कुरा तय भइसकेपछि आर्थिक व्यवस्थापनतिर लाग्नुपर्छ । ऋण लिने हो कि, कोही आफन्त वा साथीभाइसँग सापटी लिने हो तय गर्नुपर्छ । यदि आर्थिक व्यवस्थापन भएन भने आत्तिनु पनि हुँदैन अन्य उपाय खोज्नुपर्छ ।

व्यवसाय गर्न चाहने व्यक्तिले अहिले मेरो अवस्था यस्तो छ, पाँच वा १० वर्षपछि यो हुन्छ भनेर विश्लेषण र कल्पना गर्नुपर्छ । व्यवसाय सुरु गर्न आर्थिक व्यवस्थापन र मार्केटिङ आइडियासँगै धैर्यता पनि महत्वपूर्ण कुरा हो । व्यवसायमा धैर्यता राख्न सकिएन भने सफल हुन सकिंदैन ।

सबैभन्दा पहिले त म यो गर्छु भनेर एउटा बाटो रोज्नुपर्‍यो । त्यसपछि त्यो बाटोमा हिंडेर म यहाँ पुग्छु भनेर लक्ष्य राख्नुपर्‍यो ।

व्यवसाय गर्ने आइडिया छ तर मार्केटिङको आइडिया छैन भने यसबारे अध्ययन गर्नुपर्छ । मार्केटिङ कसरी गर्ने भनेर विभिन्न पुस्तक पढ्न सकिन्छ, सामाजिक सञ्जालमा खोजेर पढ्ने गर्न सकिन्छ । स्कुल-कलेजमा हामीलाई पढाएको कुराले भन्दा स्वाध्ययनले हामीलाई मार्केटिङको ज्ञान मिल्छ । मार्केटिङको लागि पढेर मात्र पनि हुँदैन, बजारको अध्ययन पनि गर्नुपर्छ ।

मार्केटिङको आइडिया ५० प्रतिशत पढेर हासिल गर्न सकिन्छ भने ५० प्रतिशत त्यो सिद्धान्तको प्रयोग गरेर । सिद्धान्तको प्रयोग गर्दै गएपछि त्यसमा असफलता पनि मिल्न सक्छ । तर त्यो असफलतामा आत्तिएर व्यवसाय छोड्न हुँदैन, धैर्य गर्नुपर्छ र अफलताबाट पनि केही सिकेर अघि बढ्नुपर्छ ।

मार्केटिङ भनेको यस्तो चीज हो जसले व्यवसायलाई सफल बनाउन मद्दत गर्छ । मार्केटिङ गर्न ग्राहकको मनोविज्ञान बुझ्नुपर्‍यो, बजारको अवस्था थाहा पाउनुपर्‍यो र सोसल मिडिया प्लेटफर्मको बारेमा जानकारी हुनुपर्‍यो ।

**बजारको माग बुझ्नुपर्छ**

व्यवसायको आइडिया राम्रो भएर मात्र हुँदैन बजारको माग पनि बुझ्नुपर्छ । मानौं, अहिलेका युवतीहरूमा टोट ब्याग एकदमै लोकप्रिय छ । तर त्यसमा पनि धेरै खण्ड भएको ब्याग उनीहरूलाई उपयोगी हुन्छ । बजारमा त्यस्तो धेरै खण्ड भएको टोट ब्याग उपलब्ध छैन भने त्यो आवश्यकतालाई पूरा गर्न धेरै खण्ड भएको टोट ब्यागको उत्पादन गर्न सकिन्छ । यसरी युवतीहरूको रोजाइमा पर्ने टोट ब्यागको व्यवसाय गरियो भने सफल हुन सकिने सम्भावना बढी हुन्छ ।

**मार्केटिङ टिप्स**

-कुनै पनि व्यवसाय सुरु गर्नुअघि व्यवसाय र मार्केटिङको बारेमा अध्ययन गर्नुपर्छ । अध्ययन गरेको कुरालाई अभ्यास गर्नुपर्छ र बजारको माग के छ त्यसलाई बुझ्नुपर्छ ।

जसलाई उत्पादन बेच्न चाहनुहुन्छ तिनीहरूको उमेर, लिङ्ग, रुचि, भूगोल र मनोविज्ञान बुझ्नुपर्छ । त्यसो भएपछि ग्राहकको आवश्यकता र चाहना बुझ्न सकिन्छ । सबैलाई आफैं मार्केटिङ गर्न गाह्रो हुन सक्छ, त्यस्तो अवस्थामा विभिन्न मार्केटिङ एजेन्सीलाई सम्पर्क गर्न सकिन्छ । जसले यस्ता सेवा प्रदान गरेर व्यापार बढाउन सहयोग गर्छन् ।

(बिजनेस एड्भाइजर अनायासचन्द्र गुरुङसँग अनलाइनखबरकर्मी सुमित्रा लुइटेलले गरेको कुराकानीमा आधारित)

# श्रम संस्कृतिको विकासमा जनसहभागिता र अर्थतन्त्र

✍ **दीपक थापा**

जनसहभागिता भन्नाले निर्माण-योजनाबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा लाभान्वित हुने समुदाय रहेका जनतालाई निर्णय प्रक्रियामा प्रत्यक्ष रूपमा संलग्न गराई सार्वजनिक सुझाव, सहमतिलाई समेत समेटी जनतासँग रहेको सीप, क्षमता र दक्षताका आधारमा सहमतिमा सुरुवातदेखि समापनसम्म भएको सहभागितालाई बुझिन्छ । विकिपिडियाका अनुसार सार्वजनिक सहभागिता, जसलाई नागरिक सहभागिता वा लगनशीलता र सार्वजनिक संलग्नता पनि भनिन्छ, कुनै पनि संस्था वा परियोजनाको गतिविधिमा जनताको समावेशीकरण हो ।

सार्वजनिक सहभागिता समान छ तर सरोकारवाला संलग्नताभन्दा बढी समावेशी छ । विश्वमा जनसहभागिताको विषय सन् १९६० को दशकदेखि उठेको पाइन्छ । खासगरी त्यसताका पश्चिमी विकसित वातावरणीय सुशासनको संस्थागतीकरणको प्रक्रियामा सरकार र उद्योगहरूले मात्रै प्रभुत्व जमाउँदै आएकोमा जनसहभागिताबिना नीतिको कार्यान्वयनमा असफलता हात लाग्यो । पछि नीति तर्जुमा, रणनीति विकास र उपायहरुको कार्यान्वयनलगायतमा जनसहभागिता हुँदा सफलता हात लागेपछि यसलाई प्राथमिकीकरण गर्न सुरु भयो ।

नेपालमा वि.सं. २०४६ को प्रजातन्त्रपछि जनसहभागिताका बढी अवसर सिर्जना भई जनतालाई विकास निर्माणमा सहभागी गर्ने-गराउने प्रयत्न सुरु भयो । २०५१ सालताका तत्कालीन सरकारको 'आफ्नो गाउँ आफैं बनाऊँ' कार्यक्रममार्फत प्रत्येक गाविसलाई ५-५ लाख दिने र विकास निर्माणमा जनतालाई प्रत्यक्ष सहभागी गराउने नीतिमा जनतालाई राज्यको योजनामा बजेट विभाजन गर्दा श्रमदानलाई प्राथमिकीकरण गरी जनसहभागितालाई महत्व दिइएको थियो । नेपालमा अहिले योजना-कार्यक्रममा उपभोक्ता समिति वा सञ्चालन समिति बनाउँदा वा सञ्चालनमा व्यापक जनसहभागितालाई प्राथमिकीकरण गरिएको छ ।

योजना सञ्चालन गर्दा स्पष्ट सोच, कार्यक्रमबाट हुने दीर्घकालीन लाभ थाहा नभए तथा खिचातानी, विवाद भएमा यसले आर्थिक तथा सामाजिक प्रगतिमा गतिरोध गर्छ । समस्या, विकल्प तथा समाधानका उपायको पहिचानबिना र जनतासँग छलफलबिना निर्णय गर्दा यस्तो खालको समस्या आउन सक्छ । जनतालाई जिम्मेवार बनाई विकासको काम अगाडि बढाउन सके त्यो उपलब्धिमूलक बन्छ । अन्यथा सरकारले बजेट विनियोजन गरी लागू गरेका योजनामा जनताको आर्थिक-सामाजिक जीवनसँग प्रत्यक्ष सरोकार नराख्ने असम्बन्धित बकम्फुसे योजनामा सहभागिता खोजे श्रम संस्कृतिको विकासको सट्टा विकासमा भएको खर्च उपलब्धिहीन बालुवामा पानी हालेजस्तो हुन्छ ।

**अर्थतन्त्रमा जनसहभागिताबाट हुने उपलब्धि**

विकासको अवसर सिर्जना गर्न, विकास निर्माणको काममा पारदर्शिता ल्याउन, योजनाको तर्जुमा गर्न, कार्यान्वयनको चरणमा देखिने समस्या समाधान गर्न र समर्थन जुटाउन, विकासलाई सहज र समयमा नै सम्पन्न गर्न र प्रभावकारी कार्यान्वयनका लागि वातावरण बनाउन व्यवस्थापनमा जनसहभागिताको महत्वपूर्ण स्थान हुन्छ । जनसहभागिताबाट स्थानीयहरुबीच सहयोगको आदानप्रदान हुने, एकता, समझदारी, सद्भावना र समन्वयमा विकास भई स्थानीय स्रोतसाधनको उचित परिचालन भई विकासलाई फलदायी बनाउन सकिन्छ ।

आफ्नो लागि आफैं निर्णय गर्ने र प्रतिफलमा पनि समान अवसर पाउने हुँदा यो पद्धति निर्वाध रूपमा परिणामुखी हुन्छ । सरकारको सहयोगको अपेक्षा भए तापनि जनसहभागिताबाट जनस्तरबाटै विभिन्न कार्यक्रम अगाडि बढाउन सकिन्छ । धरानका मेयर हर्क साम्पाङले विकास निर्माणका कार्यक्रममा व्यापक मात्रामा जनतालाई उतारेका छन्, जसका कारण राज्यले करोडौं लगाएर पनि सम्पन्न गर्न नसकेका योजनाहरु न्यूनतम खर्चमा सजिलै सम्पन्न गरेका उदाहरण पनि वर्तमानमा देखिन्छ ।

काठमाडौंका मेयर बालेन शाहले गरेका काममा सबैले चासो देखाउने गरेका छन् । जनसहभागितामा स्थानीय नेतृत्वको विकास गर्न र समाजमा फरक जाति र संस्कृतिको वर्गबीच घुलमिल हुने अवसर निस्कन्छ । जनसहभागिताबाट मुलुकमा कुलो, नहर, पैनी, बाटो, स्थानीय हाटबजारको निर्माण तथा सञ्चालन आदि प्राचीन कालदेखि सामाजिक संस्कारकै रूपमा रहँदै आएको अवस्था हो ।

राज्यबाट बजेटको व्यवस्था नभएको अवस्थामा पनि विकास निर्माणका कामबाहेक अन्य धार्मिक, सामाजिक, सांस्कृतिक काममा पनि जनताको सहभागिता परम्पराकै रुपमा चल्दै आएको छ । पछिल्लो समयमा लघुवित्त, सहकारीको तीव्र विकासले, सरकारको समुदायलाई समेट्ने नीतिले, अन्य संस्थाबाट सञ्चालन हुने कार्यक्रममा पनि जनसहभागितालाई जोड दिएका कारण सहभागिताको महत्व झन् बढेको छ । जनसहभागिताको महत्वलाई निम्न बुँदामा पनि उल्लेख गर्न सकिन्छः

विकास निर्माणमा लागत कम गर्नः निर्माणको योजना बनाउनेदेखि कार्यान्वयनसम्मको तहमा जनसहभागिताले वास्तवमा राम्रो परिणाम निकाली योजनालाई सहजै छिटो सम्पन्न गर्न सहयोग गर्छ । जनसहभागिता हुँदा त्यसको मूल्य तिर्नु नपर्ने भएपछि लागत कम भई थोरै बजेटमा पनि धेरै काम गर्न सम्भव छ ।

योजनालाई फलदायी बनाउन र अपनत्व महसुस गराउनः जनसहभागिताले विकास निर्माणको कामलाई फलदायी बनाउन मद्दत गर्ने र त्यसको अपनत्व महसुस गर्न मद्दत गर्छ ।

आर्थिक विकास विस्तार गर्नेः जनसहभागिताले योजनाको प्रभावकारितामा वृद्धि गरी आर्थिक विकास गर्छ ।

बजारमा श्रमिकको कमी पूरा गर्नः श्रमबजारमा हुने श्रमिकको कमीलाई पूरा गर्ने काम पनि जनसहभागिताबाट हुन्छ ।

सीप, प्रविधि हस्तान्तरण गर्न, क्षमता विकास गर्नः जनसहभागितामा धेरै जना उपस्थित हुने र सबैको फरक-फरक क्षमता, सीप हुने हुँदा एकअर्काले सो क्षमता थाहा पाउने र सीप सिक्ने अवसर पाउँछन् ।

व्यावसायिक क्रियाकलाप प्रवर्द्धन गर्नः जनसहभागिताबाट उत्पादन, वितरण तथा उपभोगजस्ता व्यापारचक्र चलाउन सम्भव हुने भएकाले व्यावसायिक क्रियाकलाप प्रवर्द्धन गर्न सहयोग गर्छ ।

श्रम पर्यटनको विकास गर्नः विकास निर्माण तथा योजनामा धेरै संख्यामा मानिसहरू समावेश भए हेर्न, विकास प्रक्रिया थाहा पाउन र विकास निर्माणमा सहभागी जनाउन धेरै मानिस आउने गर्छन् । जसले श्रमसहभागिताका आधारमा पर्यटनलाई प्रवर्द्धन गर्न सहयोग गर्छ ।

दिगो विकास गर्नः जनसहभागी हुँदा धेरैले आफूलाई दीर्घकालसम्म लाभ हुने फाइदाका योजनालाई प्राथमिकीकरण गर्ने भएकाले यसले दिगो विकास गर्न टेवा पुग्छ । श्रम पर्यटनलाई निष्पक्ष र दिगो रूपमा व्यवस्थित गर्न सरकार र सम्बन्धित सरोकारवालाहरूले आवश्यक उपयुक्त र आकर्षक नीतिहरु तय गर्नुपर्छ । जसद्वारा असम्भव भनिएका कामलाई पनि सजिलैसँग सम्भव बनाउन सकिन्छ । जसबाट दिगो विकासको लक्ष्य हासिल गर्न सहयोग पुग्छ ।

सुशासनका कायम गर्नः जनसहभागिताबिना सुशासनको अनुभूति गर्न नसकिने भएकाले समृद्धिको आधारभूत

...बाँकी पृष्ठ ३ मा

# घुमफिर गरी डेंगु रोग सम्बन्धी जनचेतना



*डेंगुसम्बन्धी सचेतना अभिवृद्धि गर्दै रेडक्रसका स्वयम्सेवक ।*

समाज संवाददाता

हेटौँडाः नेपाल रेडक्रस सोसाइटी मकवानपुर जिल्ला शाखाले स्वयमसेवकहरु मार्फत समुदायमा डेंगु रोगबाट बच्ने उपायबारे सचेतनामूलक कार्य गर्दै आएको छ । रेडक्रसले सञ्चार माध्यमको समेत प्रयोग गरेर आमरुपमा सचेतना अभिवृद्धि गरिरहेको छ ।

डेंगु रोग सार्ने लामखुटे नष्ट गर्ने क्रममा लामखुटेको अण्डा, लार्भा र प्युपा नष्ट गर्ने अभियान सञ्चालन गरिरहेको नेपाल रेडक्रस सोसाइटी मकवानपुर जिल्ला शाखा कार्यालयका प्रमुख लक्ष्मण भट्टराईले जानकारी दिनुभयो । रेडक्रसले विद्यालयको नर्स तथा शिक्षकले विद्यार्थीलाई बुझाई विद्यार्थी मार्फत सूचना सम्प्रेषण गर्ने, सबै पालिकास्तरमा रहेको रेडक्रस उपशाखा मार्फत सूचना सम्प्रेषण गर्ने अभियान नै सञ्चालन गरेको छ । रेडक्रसले चोक-चोकमा स्वयम्सेवक खटाउने र सडकमा जनचेतनामूलक माइकिङ गर्ने लगायतका कार्य गरिरहेको छ ।

# श्रम संस्कृतिको...

मान्यताभित्र सुशासित मुलुकको शासकले जनतासँग उनीहरुको साझा हित र उद्देश्यमा काम गरे सहभागितामा रुचि र आवश्यकतामा वृद्धि भई सुशासनको अनुभूति जनतालाई दिलाउन सकिन्छ । सुशासन आर्थिक विकासका लागि अपरिहार्य हतियार हो ।

### श्रम संस्कृतिको विकासमा जनसहभागिता

कुनै पनि स्थान, परिवेश र अवस्थामा विकासका क्रियाकलापहरु सञ्चालन गरिँदा सो ठाउँका जनताको संग्लग्नता वा चासोबिना त्यसले लक्ष्य भेट्टाउन सक्दैन भन्ने मान्यतामा जनसहभागिताको अवधारणा आएको हो । विकासको प्रारम्भिक चरणमा जनसहभागिताको अवधारणा आएको भए तापनि प्रभावकारी ढंगबाट स्पष्ट सोचका साथ परिचालन नहुँदा हामीकहाँ अपेक्षित नतिजा प्राप्त गर्न नसकेको अवस्था विगतदेखि नै छ ।

देशमा उपलब्ध स्रोतसाधनमा जनताको पहुँच भएमा यसले जनतालाई मुलुकप्रति राष्ट्रप्रेमको भावना जगाई योगदान गर्नुपर्छ भन्ने भावनाको विकास गर्छ । समानता, समन्यायिकता, समावेशीकरण, जातीय, लिङ्गीय, क्षेत्रीय, भाषिक, गरिब, किसान, पिछडिएका वर्गसहित राज्यको मूलप्रवाहीकरणमा भएको विकासले राज्य सञ्चालनको सक्रियतामा जनसहभागिताको छनक दिएको छ । व्यापक जनताको उपस्थितिमा जनसहभागिता जुटाई श्रम संस्कृतिको विकास गर्न कठिन छ ।

अहिलेको बढ्दो भ्रष्टाचार, घूस र अनियमितताको बीच राजनीतिक नेता-कार्यकर्ताको अदूरदर्शिताले व्यापक निराशा छाएको बेला श्रम संस्कृतिको विकास गराई जनसहभागिता बढाउन चुनौती छ । जन सहभागिताबाट श्रम पर्यटनको विकास सम्भव भएकाले यसका लागि विभिन्न सरोकारवालाबीच उचित योजना र सहकार्य आवश्यक छ । श्रम अवसरहरु पहिचान गरी पर्यटकहरुलाई आकर्षित गर्न स्थानीय व्यवसाय, उद्योग र संस्थाहरु सबैको उपस्थितिमा सांस्कृतिक आदानप्रदान, स्वयंसेवक कार्यक्रम अध्ययन, अवलोकन र जनताको प्राथमिकतामा परेका विषयवस्तु समेटी श्रम पर्यटनलाई प्रवर्द्धन गरी श्रम संस्कृतिको विकास गर्न सकिन्छ ।

श्रम संस्कृतिले समुदायको सांस्कृतिक पहिचान, ऐतिहासिक पृष्ठभूमि, औद्योगिक प्रवृत्ति र सामाजिक संरचनाको साझा संस्थाको रुपमा प्रतिविम्बित गर्छ । श्रम संस्कृतिको विकासमा जनसहभागिता सुनिश्चित गर्न स्थानीय जनता, सम्बन्धित संस्था र सरकारी निकायबीच प्रत्यक्ष संवाद र समन्वयको आवश्यकता पर्छ । जनताले आफ्नो सांस्कृतिक पहिचान, परम्परागत कला र संस्कृति झल्कने लोकप्रिय कार्यक्रमहरु मेला र कला प्रदर्शनी सञ्चालन गर्दा श्रम संस्कृति विकाससहितको जनसहभागिताले आर्थिक समृद्धि ल्याउन सहयोग गर्छ । श्रम संस्कृतिको विकासमा जनसहभागिताको महत्वपूर्ण भूमिका छ, जसले स्थानीय समुदायको अभिवृद्धि, सांस्कृतिक सम्पदा र आर्थिक समृद्धिका लागि प्रमुख भूमिका खेल्न सक्छ ।

### निष्कर्ष

उपभोक्ता समितिबाट हुने कार्यक्रम वा अनिवार्य जनश्रमको व्यवस्थाबाट हुने आयोजनामा गुणस्तरीयता कायम गर्न जनसहभागिताको अहं भूमिका रहन्छ । विकास क्रियाकलापहरूको निगरानी गरी अनियमितता भए खबरदारी गर्ने, विकासको महत्व दिलाउन, विकासमा ढिलासुस्ती रोकी विकासको बाटोमा अगाडि बढ्न जनसहभागिताले सघाउ पुर्याउँछ ।

उपलब्ध स्रोतसाधनलाई अधिकतम परिचालन गरी चुनौतीलाई अवसरमा बदल्न, विकासमा योगदान वृद्धि गर्न जनसहभागिता बढाइँदै लैजानुपर्छ। लगानीको अभावमा भएको सुस्त विकासलाई गति दिन वा न्यून लगानीबाट उच्चतम प्रतिफलका लागि जनसहभागिताको भूमिका बढाउँदै लैजानुबाहेक तत्काल विकल्प देखिँदैन ।

(स्रोतः कारोबार दैनिक)

# पारिजातपथ टोलको साधारणसभा

समाज संवाददाता

**हेटौंडाः हेटौंडा–४ स्थित पारिजातपथ टोल विकास संस्थाको १५ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । शनिबार समितिकी अध्यक्ष सृजना पौडेलको सभाध्यक्ष तथा हेटौंडा–४ का वडाध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यमा साधारणसभा भएको हो ।**

**कार्यक्रममा अध्यक्ष पौडेलले समितिको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभयो । संस्थाले यसवर्ष डेङ्गुसम्बन्धी सचेतना कार्यक्रम, सरसफाइ कार्यक्रम, वक्तृत्वकला प्रतियोगिता र दौड प्रतियोगिता आयोजना गरेको उहाँले बताउनुभयो । साधारणसभाको अवसरमा खेलाडीहरुलाई सम्मान गरिएको थियो ।**

**एक हप्ताअगाडि पारिजातपथ टोल विकास संस्था र ओमशान्ति टोल विकास संस्थाको संयुक्त बाल समूह नवसिर्जना बाल समूहको आयोजनामा दौड प्रतियोगिता भएको थियो । १ सय मिटर दौड प्रतियोगितामा ९ वर्ष उमेर समूहमा सुविन श्रेष्ठ प्रथम, स्यारोन अधिकारी द्वितीय र सुजिन लामा तृतीय भएका थिए । यस्तै, ९ वर्षभन्दा माथि छात्रामा कृष्मा भ्लोन प्रथम, एलिसा भट्टराई द्वितीय र कृतिका ढकाल तृतीय भएका थिए । छात्रतर्फ १० वर्षदेखि १५ वर्ष उमेर समूहमा सक्षम श्रेष्ठ प्रथम, सुसन लामा द्वितीय र एञ्जल भट्टराई तृतीय भएका थिए । यस्तै १५ वर्षभन्दा माथि उमेर समूहमा निश्चिल लामा प्रथम भएका थिए । कार्यक्रममा टोल विकास संस्था नगर समन्वय समितिका महासचिव शिवहरि दाहाल, एकता नगर टोल विकास संस्थाकी अध्यक्ष नमुना पाण्डे, प्रजातान्त्रिक टोल विकास संस्थाकी अध्यक्ष श्वेता कोइराला र ४ नम्बर वडाकी बाल समूह सहजकर्ता अमिशा अधिकारीलगायतको उपस्थिति रहेको थियो ।**

# गोलभेंडाको मूल्य फेरि बढ्यो

समाज संवाददाता

**हेटौंडाः केही दिनअघिबाट सस्तो हुँदै गएको गोलभेंडाको मूल्य फेरि बढ्न थालेको छ । हेटौंडाको तरकारी थोक (होलसेल) बजारमा गोलभेंडाको मूल्य बढ्न थालेको हो ।**

**गत शनिबार प्रतिकेजी ५० रुपैयाँमा थोक बिक्री भएको गोलभेंडाको मूल्य सोमबार ७५ रुपैयाँ प्रतिकेजी पुगेको छ । छिमेकी मुलुक भारत निर्यात हुन छाडेसँगै गोलभेंडाको मूल्य घटेको भए पनि अहिले उत्पादनमा कमी आएकाले मूल्य बढेको व्यवसायीको भनाइ छ । सोमबार हेटौंडाको तरकारी तथा फलफूल थोक बजारमा गोलभेंडा प्रतिकेजी ७५ रुपैयाँ अर्थात् प्रतिक्रेट एक हजार ८ सय रुपैयाँमा कारोबार भएको छ ।**

**गोलभेंडाको मूल्य बढे पनि अन्य तरकारी मूल्य भने स्थिरजस्तै रहेको छ । सोमबार तरकारी थोक बजारमा काउली, मुला, हाइब्रिड काँक्रो र भन्टा प्रतिकेजी ५० रुपैयाँमा बिक्री भएको छ । भिन्डी, परबल र स्कुस प्रतिकेजी ४० रुपैयाँ बिक्री भएको तरकारीको थोक व्यवसायी मुन्ना केसरीले जानकारी दिनुभयो । थोक बजारमा बोडी, तितेकरेला, घिउसिमी प्रतिकेजी ७० रुपैयाँमा कारोबार भएको छ । यस्तै, बन्दा प्रतिकेजी ४५ रुपैयाँ र लोकल काँक्रो प्रतिकेजी ८० रुपैयाँमा बिक्री भएको छ ।**

**तरकारी थोक बजारमा सोमबार सबैभन्दा कम मूल्यमा चिचिन्डा र फर्सीको कारोबार भएको छ । चिचिन्डा र फर्सी प्रतिकेजी ३० रुपैयाँमा कारोबार भएको बताइएको छ । यस्तै, लौका प्रतिकेजी ६० रुपैयाँ, गाँजर प्रतिकेजी १ सय रुपैयाँ, नयाँ आलु प्रतिकेजी ६० रुपैयाँ, पुरानो आलु प्रतिकेजी ५० रुपैयाँ र प्याज प्रतिकेजी ८० रुपैयाँमा बिक्री भएको व्यवसायी केसरीले बताउनुभयो । खुद्रा बजारमा भने गोलभेंडा र काउली दुबै प्रतिकेजी १ सय रुपैयाँमा बिक्री भएको छ । भिन्डी, बन्दा, घिरौंला, लौका र स्कुस प्रतिकेजी ६० रुपैयाँमा बिक्री भएको छ । यस्तै, भन्टा, बोडी, मुला, काँक्रो र बन्दा प्रतिकेजी ७० रुपैयाँमा बिक्री भएको खुद्रा व्यवसायी जगत लामाले बताउनुभयो । मुला र तिते करेला प्रतिकेजी ८० रुपैयाँमा, घिउसिमी प्रतिकेजी १ सय रुपैयाँमा, चिचिन्डा र फर्सी प्रतिकेजी ५० रुपैयाँमा, परबल प्रतिकेजी ४० रुपैयाँमा, गाँजर प्रतिकेजी १ सय २० रुपैयाँ र लोकल खुर्सानी प्रतिकेजी १ सय ५० रुपैयाँमा बिक्री भइरहेको लामाले बताउनुभयो ।**

# मकवानपुर बाल विद्या सदन

## हेटौंडा-१८, खड्कुले

# हामी र हाम्रो पुस्तकालय





**गृष्मा लामिछाने/कृतिमा खड्का (कक्षा-५)**

हामीलाई पुस्तकालय जान खुब मनपर्छ । जब पुस्तकालय बन्यो तबदेखि हामी जहिले पनि पुस्तकालय जान्छौं । कहिले पुस्तकालय भित्रै पढ्छौं, कहिले पुस्तक घर लिएर जान्छौं । हामी दुई जना प्रायः सँगै पुस्तकालय जान्छौं । महिनै पिच्छे पुस्तकालयमा नयाँ-नयाँ पुस्तक आइरहेको हुन्छ । नयाँ पुस्तक पढ्न पाउँदा खुसी लाग्छ । हिजोआज पुस्तकालयमा भिड भईरहन्छ । धेरै विद्यार्थीहरु पुस्तकालय आउँछन् । पुस्तकालय सानो भएको जस्तो लाग्छ । सबैजना पुस्तक लिन र पुऱ्याउन आउन आउनुहुन्छ । प्रायः विद्यालय छुट्टी भएपछि र खाजा खाने समयमा भिड हुन्छ ।

विद्यालयमा प्रत्येक दिन पालैपालो कक्षागत पुस्तक समिक्षा हुन्छ । आफ्नो पालो पर्नेहरुले पुस्तक पढेर पुस्तकको बारेमा कक्षामा बताउनुपर्छ । नेपाली र अंग्रेजी कक्षामा यस्तो हुन्छ । त्यसैले पनि पुस्तकालयमा धेरै विद्यार्थी आएको जस्तो लाग्छ । हामी नृत्य कक्षाको समयमा नृत्य सिक्न नगएर सुटुक्क पुस्तकालय जान्छौं । त्यो समयमा शान्त वातावरणमा आनन्दले पढ्न पाईन्छ । हामीले लगभग ५० वटा जति किताब पढिसक्यौं होला ।

धेरैजसो नेपाली पुस्तक पढेका छौं । सरले अंग्रेजी पुस्तक पनि पढ भन्नुहुन्छ । अलि अप्ठेरा शब्द हुने भएकोले अंग्रेजी पढ्न त्यति मन लाग्थेन । तर सरले कसरी अंग्रेजी किताब पढ्ने भनेर हामीलाई सिकाउनु भयो । अहिले त अंग्रेजी पनि पढ्ने गरेका छौं । हामीले आजसम्म पढेको पुस्तक सबै पुस्तकालय कै हुन् । घरमा पनि पुस्तक किनिदिनु भए हुन्थ्यो भन्ने लाग्छ । आफ्नै सानो पुस्तकालय भए कति मज्जा हुन्थ्यो होला भनेर हामी कुरा गर्छौं ।

जाल माथि चाल, अकबर र वीरबल, लिमीको खोजिमा कान्छी, हाम्रा राष्ट्रिय विभूति, भोक लाग्यो, गौतम बुद्ध र पानीको संस्कार लगायत धेरै नेपाली किताब पढिसक्यौं । अंग्रेजीको पनि पुस इन बुट्स, कलेक्सन या पञ्चतन्त्रका कथाहरु, थ्री इन वान मोरल स्टोरिज, सेभेन इन वा मोरल स्टोरिज र अन्य धेरै किताब पढिसक्यौं । हामीलाई कथाहरु पढ्न धेरै रुचि लाग्छ । हप्तामा कम्तिमा दुईवटा किताब त पढेकै हुन्छौं । गुन्ठे र त्यसको बिरालो भन्ने कथा हामीलाई मनपरेको कथा हो । यस कथामा सानीआमाको माया नगर्नु भएकोले गुन्ठे भागेर जान्छ । फोहोर टिप्नेहरुसँग बस्छ । साथै बिरालोको पनि कुरा यस कथामा छ । यो कथा पढ्दा हामीलाई गुन्ठे र बिरालो दुबैको माया लागेको थियो । यो कथा सबैलाई पढ्न पनि हामी अनुरोध गर्छौं । यसबाट हामीले माया गर्न र भेदभाव नगर्न प्रेरणा पाउँछौं । पुस्तक पढ्ने बानीले हाम्रो लेखाई र पढाई राम्रो भएको छ । धेरै कुरा थाहा पाएका छौं । हामीले पढ्ने पुस्तका चित्रहरु पनि हुन्छ । चित्रहरु हेर्दै पढ्दा रमाइलो लाग्छ ।

हामी दुबैजनाले हिजो पुस्तकालयबाट नयाँ अंग्रेजी पुस्तक लिएका छौं । यो पुस्तक हामीलाई प्रिन्सिपल सरले दिनुभएको हो । "पुस्तक पढेपछि मलाई पुस्तकको बारेमा बताउ है", भनेर उहाँले भन्नुभएको छ । हामीले हुन्छ भनेका छौं । हाम्रो विद्यालयको पुस्तकालयमा एकजना शिक्षक सँधै बस्नुहुन्छ । कहिले विशेष सर, कहिले स्पन्दन सर, कहिले प्रशान्त सर बस्नुहुन्छ । कहिलेकाहीँ त प्रिन्सिपल सर पनि बस्नुहुन्छ । नजानेको कुरा पनि उहाँले सिकाईदिनुहुन्छ । हामीलाई हाम्रो पुस्तकालय धेरै मनपर्छ ।

सूचना ! सूचना !! सूचना !!!

यहि आउँदो भदौ १६ गते काठमाडौँ शहिद गङ्गालाल हृदय केन्द्र काठमाडौँबाट वरिष्ठ मुटु रोग विशेषज्ञ डा. बिवेक बानिया आउनु हुने भएकोले मुटु सम्बन्धि समस्या भएको, उच्च रक्तचाप (High blood pressure) कोलेस्ट्रोल सम्बन्धि समस्या भएको नयाँ तथा पुरानो बिरामीहरुले सम्पर्क गर्नु होला ।

हाम्रो सेवाहरू

- Echo (मुटुको video X-ray) सेवा
- ECG, video X-ray सेवा
- प्याथोलोजी सेवा
- फिजियो थेरापी सेवा
- दाँत सम्बन्धि सम्पूर्ण रोग उपचार
- छाला तथा यौन रोग विशेषज्ञ सेवा
- स्त्री तथा प्रसुति सेवा सम्बन्धि
- नाक, कान तथा घाँटी रोग सम्बन्धि सेवा




सम्पर्कः मकवानपुर पोलिक्लिनिक
हेटौंडा–१, भिन्तुनापथ
०५७–५२५८०१, ९८४५२३७६११, ९८०७१३१३६४
(सन्चो हस्पिटल अगाडी, मकवानपुर सहकारी हस्पिटल सङ्गै)

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

DURBAR AGROMART

We Are Open
DURBAR MART




Hetauda–4,
Shitalmahal road

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



सम्पर्क ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

# नवोदयका विद्यार्थीले संयुक्त राष्ट्रसंघीय नमूना महासभाको आयोजना गर्दै




*संयुक्त राष्ट्रसंघीय नमूना महासभा आयोजनाबारे जानकारी गराउँदै विद्यार्थी ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित नवोदय शिशु सदन माविका विद्यार्थीको सक्रियता र सहभागितामा नमूना संयुक्त राष्ट्रसंघीय महासभाको आयोजना हुने भएको छ । यसै साता बिहिबार, शुक्रबार र शनिबार तीन दिवसीय नमूना महासभाको आयोजना गरिने बताइएको छ । विद्यार्थीलाई संयुक्त राष्ट्रसंघको अवधारणा बुझाउन र महासभामा हुने अभ्यासबारे अभिमुखीकरण गराउन नमूना महासभाको आयोजना गर्न लागिएको हो ।

सोमबार विद्यार्थीले नै पत्रकार सम्मेलन गरेर नमूना महासभाको विषयमा जानकारी गराएको थियो । संयुक्त राष्ट्रसंघको नमूना महासभामा महासचिवको भूमिका रायन खनालले निर्वाह गर्दै हुनुहुन्छ । महासभामा विभिन्न ६ वटा इकाईमा पनि फरक-फरक विद्यार्थीलाई अध्यक्षको जिम्मेवारी प्रदान गरिएको छ । संयुक्त राष्ट्रसंघ मातहतको विश्व स्वास्थ्य संगठनको अध्यक्षमा रिजुल जोशी, संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को अध्इषमा रोनश उप्रेती, आर्थिक तथा वित्तीय मामिला परिषद्को अध्यक्षमा दृष्टि प्रधान, खाद्य तथा कृषि संगठनको अध्यक्षमा आकांक्षा श्रेष्ठ, अन्तर्राष्ट्रिय श्रम संगठनको अध्यक्षमा समीर चौधरी र संयुक्त राष्ट्रसंघीय पर्यावरण कार्यक्रमको अध्यक्षमा अंकिता अग्रवालले जिम्मेवारी निर्वाह गर्नुहुनेछ ।

राष्ट्रसंघमातहतका ६ वटै समितिले समसामयिक मुद्दालाई नमूना महासभा प्रस्तुत गर्नेछ । विश्व स्वास्थ्य संगठनले विश्वव्यापी स्वास्थ्य कल्याणका लागि नक्कली औषधीहरुको बढ्दो खतरा, सुरक्षा परिषद्ले आणविक हतियारको उत्पादनको कारणले शान्ति र सुरक्षामा बढ्दो खतरा, आर्थिक तथा वित्त मामिला परिषद्ले अवैध सम्पत्ति र आतंकवादमा आधारित पुँजीको बृद्धि, खाद्य तथा कृषि संगठनले सहरी कृषि प्रवर्द्धन गर्न र खाद्य सुरक्षाको विषयमा बहस गर्नेछ । यस्तै अन्तर्राष्ट्रिय श्रम संगठनले जबर्जस्ती र अनिवार्य श्रमविरुद्ध लडाइँद्वारा निष्पक्ष रोजगारीको रक्षा र संयुक्त राष्ट्रसंघीय पर्यावरण कार्यक्रमले विकिरण प्रदुषण कम गर्न वातावरणीय शासनसँग संसाधन दक्षताको निरन्तरतामा बहस गर्नेछ ।

नमूना महासभामा सहभागी हुँदै गर्दा विद्यार्थीको नेतृत्व विकास, सामूहिक छलफल, विचार तथा धारणाको प्रस्तुती क्षमतामा विकास हुने अपेक्षा विद्यालयले गरेको छ । यस्तै विद्यार्थीमा गतिविधिमा आधारित शिक्षा, अन्तर्राष्ट्रिय सम्बन्ध लगायत अन्तर्राष्ट्रिय नीति, नियम, योजना तथा समस्या समाधानबारे विश्लेषण गर्ने क्षमता समेत अभिवृद्धि हुने अपेक्षा गरिएको विद्यालयले जनाएको छ । २ पटक भर्चुअलमाध्यमबाट नमूना राष्ट्रसंघीय महासभाको आयोजना गरिएको थियो भने भौतिक उपस्थितिमा हुन लागेको यो दोस्रो पटक हो । नमूना महासभामा हेटौंडा-८, कमानेस्थित कमाने एकेडेमी र हेटौंडा-१८, खड्कुलेस्थित मकवानपुर बालविद्या सदनका विद्यार्थीसँगै नवलपरासी, रुपन्देही र चितवनका विद्यार्थी पनि सहभागी हुनेछन् ।

# भीमफेदीमा सडक विस्तारबारे छलफल

समाज संवाददाता

हेटौंडाः मकवानपुरको भीमफेदी बजार क्षेत्रमा रहेको सडक विस्तारबारे छलफल भएको छ । सोमबार बसेको बैठकमा भीमफेदी बजारको धानगोदामदेखि ज्यासलटोलसम्मको सडक विस्तार बारे छलफल भएको हो ।

छलफलमा भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामा, उपाध्यक्ष सञ्जीव श्रेष्ठ, ५ नं वडा अध्यक्ष जहारसिंह लामा, ६ नं वडा अध्यक्ष सोमबहादुर घलान, गाउँपालिकाका कार्यकारी प्रमुख भीमलाल महर्जन, प्रदेश यातायात पूर्वाधार प्राधिकरणका इन्जिनियर र निर्माण व्यवसायीका इन्जिनियरको उपस्थिति रहेको थियो । बैठकमा स्थानीय सरोकारवालाले गत भदौ ५ गते प्रस्तुत गरेको मागका बारेमा छलफल भएको थियो ।

स्थानीय सरोकारवालाले खानेपानी व्यवस्थित गर्न ज्यासलटोलबाट धानगोदाम नन्दलाल लामाको घरसम्म ४ इन्चको पाइप जडान हुनुपर्ने माग गरेका थिए । बिजुली पोलको व्यवस्थित स्थानान्तरण गरी विद्युत् सेवा अवरुद्ध नगरी कार्य गर्नुपर्ने, धानगोदाम इलाका प्रहरी कार्यालयदेखि नन्दलाल लामाको घरसम्मको नाली त्यही स्वरुपमा निर्माण हुनुपर्ने, सडकको केन्द्रबिन्दुबारे यकिन निर्णय हुनुपर्ने, केन्द्रबिन्दुबाट दायाँ-बायाँ बराबर जग्गा अधिग्रहण हुनुपर्ने माग गरेका थिए । अधिग्रहणमा परेको घर भत्काउँदा सम्पत्तिमा क्षति नपुऱ्याई व्यवस्थापन गरिदिनुपर्ने, सड्क निर्माण कार्य निश्चित समयसीमा तोकेर आरम्भ गर्नुपर्ने, १० मिटरको जग्गामा सडक बनाउँदा साढे सात मिटर सडक र दुई साइडमा साढे दुई मिटर नाली बनाएर नालीमाथि पेटी निर्माण हुनुपर्ने, सडक संरचना बनाउँदा घरलाई क्षति हुनबाट जोगाउन उच्चतम प्रयास गर्नुपर्ने माग स्थानीयको छ । छलफलले स्थानीयका अधिकांश मागहरु सम्बोधन गर्ने गरी आगामी भदौ २३ गतेबाट सडक विस्तार सुरु गर्ने सहमति भएको बताइएको छ । सडक सीमाभित्र पर्ने संरचनाहरुको मूल्यांकन गरी आगामी भदौ १३ गतेसम्म पेश गर्ने र क्षतिपूर्ति (मुआब्जा) सम्झौता गरी सडक विस्तार गर्ने सहमति गर्न सम्बन्धित मन्त्रालयले अनुरोध गरेको छ ।

# नि:शुल्क प्रशिक्षण दिँदै एन्फा कोच श्रेष्ठ

समाज संवाददाता

हेटौंडाः एन्फाको मकवानपुर जिल्लाका फुटबल कोच विजयलाल श्रेष्ठले नि:शुल्क फुटबल प्रशिक्षण सुरु गर्नुभएको छ । सोमबारदेखि हेटौंडा-१० स्थित वन विज्ञान क्याम्पसको चौरमा प्रशिक्षण दिन सुरु गर्नुभएको हो ।

नेपालभरिका फुटबल खेल्न इच्छुक खेलाडीहरु प्रशिक्षणमा सहभागी जनाउन पाउने श्रेष्ठले बताउनुभयो । मकवानपुर जिल्लाका खेलाडीहरुलाई विभिन्न प्रतियोगितामा सहभागी गराउन, बाहिरी क्लबबाट खेल्न जाने खेलाडीहरुको तयारी गर्न, मकवानपुर जिल्लाका खेलाडीहरुलाई विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरका प्रतियोगितामा सहभागी गराउन, जिल्लाबाट यु-१९ का लागि नयाँ युवा खेलाडीहरु निर्माण गर्नका लागि प्रशिक्षण सुरु गरेको उहाँले बताउनुभयो ।

विशेषगरी यु-१९ मा जिल्लाबाट छनोट भएका खेलाडीहरुलाई प्रशिक्षणमा सहभागी गराउने तथा हौसला दिने उद्देश्यले प्रशिक्षण गर्न थालेको उहाँको भनाइ छ । हप्ताको सातै दिन ४ बजेदेखि ६ बजेसम्म रनिङ, गोलरक्षक, आक्रमण, डिफेन्डीङलगाएतका तालिम दिने श्रेष्ठले बताउनुभयो । यसअघि यु-१९ का प्रदेशस्तरीय प्रतियोगितामा सहभागी भएका ४१ जना खेलाडीहरुलाई श्रेष्ठले ३ दिन प्रशिक्षण दिनुभएको थियो ।

# सोमबार १२ जनामा डेंगु पुष्टि

समाज संवाददाता

हेटौंडाः पछिल्लो २४ घण्टामा मकवानपुरमा १२ जनामा डेंगु पुष्टि भएको छ । सोमबार स्वास्थ्य कार्यालय मकवानपुरले सार्वजनिक गरेको विवरणअनुसार हेटौंडा उपमहानगरपालिकाको ६ जनासहित १२ जनामा डेंगु पुष्टि भएको जानकारी दिएको हो ।

सोमबार थाहा नगरपालिका, मकवानपुरगढी गाउँपालिका, मनहरी गाउँपालिका, इन्द्रसररोवर गाउँपालिका, भीमफेदी गाउँपालिका र बकैया गाउँपालिकाबाट एक-एक जनामा पनि डेंगु पुष्टि भएको मकवानपुर जनस्वास्थ्यका डेंगु फोकल पर्सन नवदीप सिलवालले बताउनुभयो । जिल्लाभर साउन महिनादेखि सोमबारसम्म २ सय ८३ जनामा डेंगु पुष्टि भएको छ । डेंगुका कारण एक जनाको मृत्यु भइसकेको छ । संक्रमण पुष्टि हुनेमध्ये १ सय ९३ जना हेटौंडाका रहेका छन् । हेटौंडामा डेंगु हुनेमध्ये ९७ पुरुष र ९६ महिला रहेका छन् । यस्तै, हेटौंडा अस्पतालमा डेंगु जाँच गराएका ३४ जनामध्ये २ जनामा डेंगु संक्रमण पुष्टि भएको छ । जाँच गराएका ३५ जनामध्ये २ जनामा डेंगु संक्रमण पाइएको हो । एक महिला र एक पुरुषमा डेंगु पुष्टि भएको अस्पतालले जनाएको छ ।

# सुत्केरीलाई पोषण सामग्री बाँड्दै वडाध्यक्ष तिमल्सिना

समाज संवाददाता

हेटौंडाः पूर्वी मकवानपुरको बागमती गाउँपालिका-८ का वडाध्यक्ष इन्द्रमणि तिमल्सिनाले सुत्केरीलाई पोषण बाँड्ने आफ्नो अभियान अनुसार शनिबार पनि एक सुत्केरी महिलालाई पोषण सामग्री वितरण गर्नुभएको छ । वडाध्यक्ष तिमल्सिनाले शनिबार वडाको ठोटरे खोलाकी सुत्केरी जमुना न्यासुर दोङलाई पोषण सामग्री वितरण गर्नुभएको हो ।

दोङ १५ दिन अघि सुत्केरी भएकी थिइन् । अस्पतालमा उपचारपछि डिस्चार्ज भएकी दोङलाई शनिबार वडाध्यक्ष तिमल्सिनाले घरमै पुगेर ५ हजार रुपैयाँ बराबरको पोषण सामग्री वितरण गर्नुभएको हो । एक महिना अगाडि पनि वडाध्यक्ष तिमल्सिनाले वडाभित्रका एक सुत्केरी महिलालाई पोषण सामग्री वितरण गर्नुभएको थियो ।

सुत्केरी अवस्थामा पौष्टिक आहारको आवश्यकता देखिएपछि आफुले यो अभियानलाई सुरु गरेको उहाँले बताउनुभयो । वडाभित्रका केही परिवार आर्थिक अवस्थाका कारण सुत्केरी अवस्थामा पनि पोषणका सामग्री किन्न सक्ने अवस्थालाई मध्यनजर गर्दै आफुले केही भएपनि राहत होस् भनेर व्यक्तिगत खर्चबाट पोषण सामग्री वितरण गरेको उहाँले बताउनुभयो । वडाभित्रका २ जना सुत्केरी महिलालाई केही दिनमै पोषण सामग्री वितरण गरिने उहाँले बताउनुभयो । उहाँले यो वर्ष वडाभित्रका सम्पूर्ण सुत्केरी महिलाहरुलाई आफ्नो व्यक्तिगत खर्चमा पोषण सामग्री वितरण गरिने बताउनुभयो । वडामा वार्षिक ५० जनाभन्दा बढी संख्यामा सुत्केरी हुने गरेको उहाँको भनाई छ ।

सुत्केरी भएका हरेक महिलाहरुलाई लोकल कुखुरा, चामल, तोरीको तेल, विभिन्न मसलाहरु र सरसफाइका सामग्री वितरण गरिएको छ । सुत्केरी भएको सम्बन्धित परिवारको सदस्यले आफुलाई जानकारी गराएमा आफु घरमै पुगेर पोषणका सामग्री वितरण गरिने उहाँले बताउनुभयो ।

द.नं. ७८२/०६४/०६६ पान ३०३६७९६७३
(सहकारी ऐन २०७४ बमोजिम सञ्चालित भएको)
हाम्रो गोर्खा
बचत तथा ऋण सहकारी संस्था लि.
साधारण सभा सम्बन्धी जरूरी सूचना !
यस संस्थाको १५ औं वार्षिक साधारण सभा मिति २०८०/०५/३० गते शनिबारका दिन हुने भएकोले तपसिल बमोजीम तोकिए अनुसार शेयर सदस्यज्यूहरूको सक्रिय सहभागीताका लागी हार्दिक आमन्त्रण गर्दछौं ।
प्रस्तावहरू :
१. आ.ब.०७९/०८० को आर्थिक प्रतिवेदन तथा ०८०/०८१ को बार्षिक बजेट स्विकृत गर्ने सम्बन्धमा ।
२. आ.ब.०७९/०८०को बार्षिक लेखा परीक्षण प्रतिवेदन पास गर्ने सम्बन्धमा ।
३. आ.ब.०७९/०८० को प्रतिबेदन तथा २०८०।०८१ को बार्षिक कार्यक्रम सम्बन्धमा ।
४. लेखा सुपरिवेक्षण समितिको बार्षिक प्रतिबेदन सम्बन्धमा ।
५. शेयर लाभांश र संरक्षित पूंजी फिर्ता कोष वितरण सम्बन्धमा ।
६. लेखा परिक्षक नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धमा ।
७. साधारण सभा निर्णय पुस्तिका प्रमाणित गर्ने सम्बन्धमा ।
८. निती, कार्यबिधि तथा निर्देशिका पारित तथा अनुमोदन सम्बन्धमा ।
९. पुरस्कार तथा सम्मान सम्बन्धमा ।
१०. विनियम पुनर्लेखन सम्बन्धमा ।
नोट :
साधारण सभामा उपस्थित हुँदा सदस्यता नम्बर खुल्ने परिचय-पत्र वा पासबुक साथ लिएर आउनु होला ।
२०७९ सालका SEE मा उत्कृष्ट अंक ल्याउने शेयर सदस्यको छोराछोरी सम्मान (सामुदायीक र संस्थागत विद्यालय) शेयर सदस्यताको प्रमाणपत्रको फोटोकपी र मार्कसिटको प्रतिलिपी १/१ प्रति छनौटका लागि साधारण सभा हुनेको ७ दिन अगाडी संस्थामा बुझाई सक्नु पर्ने छ ।
कार्यक्रम तालिका :
स्थान : पशुपतिमन्दिरको सभा हल, हेटौंडा ४, मकवानपुर
मिति : २०८० भाद्र ३० गते शनिबार
समय : बिहान १०:०० बजे
माधव ज्ञवाली
सचिव
हेटौंडा-५, भैरवरोड, मकवानपुर

जनै पुर्णे तथा रक्षा बन्धनको सम्पुर्णमा हार्दिक शुभकामना
क्वाटी पुर्णेको अवसरमा स्वादिष्ट क्वाटीको नि:शुल्क मज्जा लिनुहोस




"सहकारीको दिगोपना : स्वनियमन र सुशासन"
"व्यवसाय गरौं स्वरोजगार बनौं ।"
संजीवनी बचत तथा ऋण सहकारी संस्था लि.
२२ औं
प.सं.: २०८०/०८१
च.नं. : २३/५६
मिति : २०८०/०५/११
साधारण सभा सम्बन्धी जरूरी सूचना !
यस संस्थाको मिति २०८०/०५/०८ गते शुक्रबारका दिन बसेको संचालक समितिको बैठकको निर्णय अनुसार २२ औं वार्षिक साधारणसभा तपसिल बमोजीम गर्ने भएकोले तोकिए अनुसार शेयर सदस्यज्यूहरूको सक्रिय सहभागीताका लागी हार्दिक आमन्त्रण गर्दछौं ।
कार्यक्रम :-
मिति :- २०८० असोज १३ गते शनिवार
समय :- विहान ९:३० देखि ५:०० बजे सम्म
स्थान :- बालकुमारी पार्टी प्यालेस हेटौंडा ५, पिप्ले ।
साधारण सभामा छलफलका विषयहरू
१.) निर्णय प्रमाणित गर्न सदस्यहरूको छनौट सम्बन्धमा ।
२.) संचालक समितिको तर्फबाट अध्यक्षको भनाई सहित प्रतिवेदन सम्बन्धमा ।
३.) सचिव द्वारा प्रस्तूत सांगंठनीक र ऋण उपसमितिको प्रतिवेदन सम्बन्धमा ।
४.) बार्षिक प्रतिवेदन तथा वार्षिक अनूमानित बजेट सहितको कोषाध्यक्षको प्रतिवेदन सम्बन्धमा ।
५.) आ.ब. ०७९/०८० को लेखा सूपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
६.) आ.ब. ०७९/०८० को बार्षिक लेखा परिक्षण प्रतिवेदन अनूमोदन सम्बन्धमा ।
७.) आ.ब. ०८०/०८१ को लेखापरिक्षकको नियूक्ति र पारिश्रमिक निर्धारण सम्बन्धमा ।
८.) लाभासं, बोनस तथा संरक्षित पूजी फिर्ता कोषको रकम वितरण सम्बन्धमा ।
९.) शेयर सदस्यहरूलाई सम्मान पूरस्कार वितरण सम्बन्धमा
१०.) आन्तरिक निति कार्यबिधि पारित गर्ने सम्बन्धमा ।
११.) संचालक समिति र लेखा सूपरिवेक्षण समिति चयन सम्बन्धमा ।
१२.) विविध
नोट:- संचालक समिति तथा लेखा सुपरिवेक्षण समितिमा उमेदवारी दिन इच्छूक सदस्यहरूले उल्लेखित तालिका अनूसार मिति २०८०/०५/२७ गते कार्यालय समय भित्र कार्यालयमा आई उमेदवारीका लागि दरखास्त दिइसक्नु पर्नेछ ।)
शेयर सदस्यहरूले संस्थाको परिचय-पत्र अनिवार्य लिएर आउनुहुन अनुरोध छ ।
१) जेष्ठ सदस्य सम्मान : महिला सदस्य ६९ वर्ष र पुरुष सदस्य ७० वर्ष पुरा हुनु भएकोलाई नागरीकताको प्रतिलिपी १ थान
२) उत्कृष्ट छात्र छात्रा सम्मान (सामुदायीक र संस्थागत विद्यालय) शेयर सदस्यताको प्रमाणपत्रको फोटोकपी र मार्कसिटको प्रतिलिपी १/१ प्रति (क) कक्षा ८ (ख) एस.ई.ई (ग) बाह्र कक्षा (घ) स्नातक (ङ) स्नाकोत्तर
पेश गर्ने कागजातहरू : शेयर सदस्यताको प्रमाणपत्रको फोटोकपी र मार्कसिटको प्रतिलिपीहरू असोज ५ गते भित्र संस्थामा पेश गरिसक्नुपर्ने छ ।
(जानुका संजेल दाहाल)
सचिव
हेटौंडा उपमहानगरपालिका-५, पिप्ले, मकवानपुर

अनुसूचि-१
(निर्वाचन नीतिको दफा ३ सँग सम्बन्धित)
निर्वाचन कार्यक्रम

| मिति | समय | कार्यक्रम |
|---|---|---|
| २०८०/०५/१८ | कार्यालय समय | मतदाता नामावली प्रकाशन |
| २०८०/०५/१९ देखी २२ गते | १०:००-५:०० | छुट नाम दर्ता, सच्याउने वा हटाउने |
| २०८०/०५/२६ | १०:००-५:०० | अन्तिम नामावली प्रकाशन |
| २०८०/०५/२७ | १०:००-५:०० | उम्मेदवारी दर्ता |
| २०८०/०५/२७ | ५:००-६:०० | उम्मेदवारको नामावली प्रकाशन |
| २०८०/०६/०१ गते सम्म | १०:००-५:०० | दावी विरोध र उम्मेदवारी नाम फिर्ता |
| २०८०/०६/०५ | १०:००-१:०० | दावी विरोध उपर छानविन र उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन |
| २०८०/०६/१३ | १२:००-५:०० | मतदान कार्यक्रम |
| २०८०/०६/१३ | मतदान सकिएको १ घन्टा पछि | मतगणना |
| २०८०/०६/१३ | मतगणना पछि | निर्वाचन परिणाम घोषणा र सपथ ग्रहण |
| कार्यक्रम समापन | | |

संजीवनी बचत तथा ऋण सहकारी संस्था लि.
हेटौंडा-५, पिप्ले, मकवानपुर
लेखापरीक्षण गर्ने सम्बन्धी सूचना
सूचना प्रकाशित मिति २०८०/०५/१२ गते
हेटौंडा उपमाहनगरपालिका-५, पिप्लेस्थित संजीवनी बचत तथा ऋण सहकारी संस्था लि.को आ.व. २०८०/०८१ को लेखापरीक्षण गर्नका लागि ईच्छुक ईजाजत प्राप्त लेखापरीक्षक फर्मले यस सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र तपसिल बमोजिमका कागजातसहित सुचिकृतका लागि यस संस्थाको कार्यालयमा प्रस्ताव पेश गर्न सूचित गरिन्छ ।
तपसिल
१) फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी...... १
२) प्यानको प्रतिलिपी...... १
३) आ.व. २०७९/०८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी...... १
४) संचालक/प्रोप्राईटरको नागरिकता प्रमाणपत्रको प्रतिलिपी...... १

सामुदायिक रेडियो, रेडियो निकास
९३.४ मेगाहर्ज सुनौं र सुनाऔं